कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
खरिद तथा जिन्सी उपशाखा

Google Plus Code
6M2Q+5V7 Kohalpur

प.सं.:२०८०/०८१
च.नं.:

## ब्याक हो लोडर भाडामा लिने सम्बन्धि सूचना।

सूचना प्रकाशन मिति:२०८०।०४।०८

उपर्युक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका क्षेत्रभित्र खोज, उद्धार, बाटो तथा नाली अवरुद्ध हटाउने कार्यका लागि ब्याक हो लोडर भाडामा लिनु पर्ने भएकोले इच्छुक व्यवसायीक फर्मले सूचना प्रकाशित मितिले ३ दिन भित्र सिलबन्दी (गोप्य) प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

शर्तहरु

- ब्याक हो लोडर भाडामा दिने व्यवसाय वा फर्मका कागजातहरु (फर्म/संस्थादर्ता नविकरण सहित, प्यान/भ्याट दर्ता, करचुक्ता आव २०७८।०७९) को प्रतिलिपि सहित मिति २०८०।०४।१० गते कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्ने छ।
- ब्याक हो लोडर उपलब्ध गराउने व्यवसायले मर्मत, अपरेटर शुल्क, कर (बहाल कर समेत) लगायतका खर्च सहितको प्रतिघण्टा भाडा रकम पेश गर्नुपर्ने छ र यसरी पेश गरेको भाडा रकम प्रचलित जिल्ला दररेटको सीमा भित्रै हुनु पर्नेछ।
- ब्याक हो लोडर प्रयोग हुने अवधिभर सञ्चालन हुँदाको ईन्धन कार्यालयले व्यहोर्ने छ।र सो बाहेक अन्य कुनै पनि रकम उपलब्ध हुने छैन।
- सम्झौता अवधिमा ब्याक हो लोडर नगर प्रहरी एवं विपद शाखाको मातहतमा नगरपालिकामा नै रहनेछ।
- प्रचलित सार्बजिनक खरिद ऐन तथा खरिद नियमावली पालना गर्नु गराउनु दुवै पक्षको दायित्व हुनेछ र सूचनामा उल्लेख नभएका कुराहरु प्रचिलित कानून बमोजिम हुनेछन।
- कुनैपनि शर्त राखि पेश भएका प्रस्ताव/निवेदन स्वीकार गरिने छैन र प्रस्ताव स्वीकार तथा सम्झौता सम्बन्धि अन्य कुराहरु कार्यालयको निर्णय अनुसार हुनेछन।

२०८०।०४।०८

हरि बहादुर वली
प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, store.admin@kohalpurmun.gov.np  +९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np  www.facebook.com/kohalpurmun  www.twitter.com/kohalpurmun